आज मिति २०८१।०७।२५ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री लक्ष्मणलाल श्रीवास्ताव | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बैठक नं. ०५/२०८१।०८२

**मिति :२०८१।०७।२५ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णय:** मिति २०८१।०७।०४ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो । साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. **गहुँको बीउ खरिद सम्बन्धमा ।**

**निर्णय :** यस नगरपालिकाको आ.व.२०८१/०८२ मा संचालन गर्नुपर्ने खाद्यान्न बालीको बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अनुसार गहुँको उन्नत बीउ खरिद गर्न कृषि समन्वय समितिको मिति २०८१/०६/१४ गतेको निर्णय अनुसार कृषि फर्म तथा कृषक समुहबाट ५०प्रतिशत बापत संकलित रकम रु ९,३१,६००।- तथा कार्यालयबाट सोहि बराबरको रकम रु ९,३१,६००।-थप गरि कुल रु १८,६३,२००।-को नगर दररेट प्रति के.जि.रु ८५ को दरले जम्मा २१,९२० के.जि.को लागत अनुमान तयार भई मिति २०८१/०६/२३ गतेको विधुतिय सिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्न सूचना प्रकाशन गरिएकोमा समय अवधि भित्र ३ वटा मात्र दरभाउ प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन बमोजिम सारभुत रुपमा प्रभावकारी नदेखिएको र पुनः सूचना प्रकाशन गर्दा उक्त कार्यक्रमको प्रभावकारिता तथा औचित्यता समेत नरहने र कृषकको समस्या समेत समाधान हुन नसक्ने अवस्थालाई मध्येनजर गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (घ १) तथा खरिद नियमावली, २०६४ को नियम ८५ ( ५ क) बमोजिम गहुँको उन्नत बीउ कृषि सामग्री कम्पनीले तोकेको मूल्य रू. ८५।– दरमा २१,९२० के.जी. कृषि सामग्री कम्पनी लिमिटेड, भैरहवाबाट सोझै खरिद गरी कृषकलाई वितरण गर्ने साथै लोड अनलोड र ढुवानीको खर्च नगरपालिकाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

३. **सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

**निर्णय :** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन तथा नियमावली बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने सरकारी निकायहरूले आफ्नो कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था भएको हुँदा यस बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को प्रथम चौमासिक सम्मको सार्वजनिक सुनुवाई बुद्धभूमि नगरपालिकाका कार्यपालिका सदस्यज्यूहरू, शाखा प्रमुखहरू, राजनैतिक दलका नगर प्रतिनिधिज्यूहरू, टोल

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार ...
नगर प्रमु...

विकास संस्थाका अध्यक्ष ज्यूहरू, वडा सचिवहरूको उपस्थितिमा मिति २०८१।०७।२९ गते बिहीबारको दिनको १:०० बजे बुद्धभूमि नगरपालिकाको बहुउद्देश्यीय सभाहलमा सञ्चालन गर्ने साथै उक्त सार्वजनिक सुनुवाईको लागि नेपाल पत्रकार महासंघ कपिलवस्तु, शाखाको प.स. ०८१।०८२ मिति २०८१।०७।२१ गतेको पत्रानुसार सार्वनजिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने प्रस्तावना तयार गरी पेश भएको हुँदा नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन शिर्षकमा विनियोजित बजेटको अधिनमा रही आ.व. २०८१।०८२ को ३(तीन) वटै सार्वजनिक सुनुवाई सञ्चालन गर्न जिम्मेवारी दिने निर्णय गरियो।

**४. लागत सहभागिता कार्यक्रम सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगर सभाको बार्षिक योजना पुस्तिकामा लागत सहभगिता कार्यक्रमको लागि बजेटको सुनिश्चिता भएकोले लागत सहभागिता कार्यक्रम सञ्चालनको लागि मिति २०८१।०६।२९ गते प्रकाशित सार्वजनिक सूचना मार्फत लागत सहभागिता (५०:५०, ६०:४०) का लागि योजना तथा कार्यक्रमहरूको प्रस्ताव माग गरिएकोमा प्राप्त प्रस्तावहरू मध्ये तपसिलका योजना तथा कार्यक्रमहरू छनौट गरी कार्यान्वयनको लागि छनौट भएको योजनाहरूको सम्झौता म्याद २०८१ पुष मसान्त सम्म गर्नुपर्ने भनी जानकारी सहितको पत्राचार गरी पठाउने निर्णय गरियो। साथै सो समयमा सम्झौता गर्न नआएमा बैकल्पिक योजनाहरूसँग सम्झौता गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम | | | माग गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | न.पा. | उ.स. | जम्मा | |
| लागत सहभागिता ५०/५० कार्यक्रम | | | | | | |
| १ | सिचाँई मुल कुलो निर्माण चंघाट | १ | १०००००० | १०००००० | २०००००० | श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह |
| २ | भेलौरिका रूखतिर जाने कुलो टिक्कर | १ | ४००००० | ४००००० | ८००००० | श्री जुरपानी सामुदायिक वन उपभोक्ता समूह |
| ३ | शिव मन्दिर देखि चंघाट जानेबाटो मर्मत टिक्कर | १ | ५००००० | ५००००० | १०००००० | श्री जुरपानी सामुदायिक वन उपभोक्ता समूह |
| ४ | बसन्तपुर भेलाई जाने अधुरो कुलो निर्माण जुठे थारु घर सम्म कुलो निर्माण | १ | ५००००० | ५००००० | १०००००० | श्री कुन्द्रा सामुदायिक वन उपभोक्ता समूह |
| ५ | इमिलीको पुलदेखी नवराज श्रेष्ठको वास सम्म अधुरो कुलो निर्माण | १ | ५००००० | ५००००० | १०००००० | श्री कुन्द्रा सामुदायिक वन उपभोक्ता समूह |
| ६ | छिन्टायान माइलाको घर देखि अधुरो सिचाँई कुलो निर्माण | १ | ४५०००० | ४५०००० | ९००००० | श्री कुन्द्रा सामुदायिक वन उपभोक्ता समूह |
| ७ | पक्की सिचाई कुलो निर्माण (बगिया देखि भेलाई आउने कुलो) | १ | ३००००० | ३००००० | ६००००० | श्री जन बनशक्ति सामुदायिक वन उपभोक्ता समूह |
| ८ | अधुरो विरपुर पार्क निर्माण | १ | ४००००० | ४००००० | ८००००० | श्री राजकुडाँ सामुदायिक वन उपभोक्ता समूह |
| ९ | चेत नारायण भुसालको घर देखि दक्षिण जाने कुलो निर्माण | १ | ४००००० | ४००००० | ८००००० | श्री राजकुडाँ सामुदायिक वन उपभोक्ता समूह |
| १० | पुर्व टोलको घोलोमा कजवे निर्माण, वीरपुर | १ | ४००००० | ४००००० | ८००००० | श्री राजकुडाँ सामुदायिक वन उपभोक्ता समूह |
| ११ | तारकेश्वर धामको अधुरो भान्सा घर सम्पन्न | १ | २५०००० | २५०००० | ५००००० | श्री कपिलमुनी सामुदायिक वन उपभोक्ता समूह |

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रे
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | टिकाराम भट्टराईको खेतदेखि जुद्ध बहादुरको खेत सम्म अधुरो सिचाई कुलो निर्माण, पथ्थरकोट | १ | ५००००० | ५००००० | १०००००० | श्री कपिलमुनी सामुदायिक वन उपभोक्ता समूह |
| १३ | आर्मिले तालिम लिने असनाको रुख देखी भुप बहादुर घ.म को घर सम्म अधुरो पक्कि कुलो निर्माण | १ | १३००००० | १३००००० | २६००००० | श्री वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह |
| १४ | विरपुर गाँउको अधुरो खेल मैदान निर्माण तथा सौन्दर्यकरण | १ | ७००००० | ७००००० | १४००००० | श्री वीरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह |
| १५ | तारकेश्वर धाम संरक्षण समिती मन्दिर निर्माण | १ | ५००००० | ५००००० | १०००००० | श्री हरिओमखोला सामुदायिक बन उपभोक्ता समूह |
| १६ | पत्थरकोट बजार नाली निर्माण | १ | ३००००० | ३००००० | ६००००० | श्री हरिओमखोला सामुदायिक बन उपभोक्ता समूह |
| १७ | ने रा आ वि जाने बाटोको पुल योजना | ३ | ७००००० | ७००००० | १४००००० | श्री जनज्योति सामुदायिक वन उपभोक्ता समूह |
| १८ | हरिहरपुर पुर्वडि देखी निमडाडा स्कुल जाने बज्रीहवामा बाटोमा कल्भर्ट निर्माण | ८ | ५००००० | ५००००० | १०००००० | श्री जनचेतना सामुदायिक वन उपभोक्ता समूह |
| १९ | हरिहरपुर पश्चिमडिहको खेलमैदान देखी तालमा आउने बाटोमा पर्ने कुलोमा कल्भर्ट निर्माण | ८ | ४००००० | ४००००० | ८००००० | श्री जनचेतना सामुदायिक वन उपभोक्ता समूह |
| २० | तिनघरवादेखि चम्पापुर जाने बाटोमा पर्ने लडरी नालामा कल्भर्ट निर्माण | ९ | ५००००० | ५००००० | १०००००० | श्री गौरी शंकर सामुदायिक वन उपभोक्ता समूह |
| | जम्मा | | १०५००००० | १०५००००० | २१०००००० | |
| | **लागत सहभागिता ६०/४० कार्यक्रम** | | | | | |
| १ | गाँउबस्ती उज्यालो कार्यक्रम, बसन्तपुर | १ | १५०००० | १००००० | २५०००० | श्री बसन्तपुर सामुदायिक वन उपभोक्ता समूह |
| २ | वनस्पति उद्यानमा टिकट घर र सामुदायिक उपभोक्ता समुहको भवनमा सभाहल विस्तार | १ | ४५०००० | ३००००० | ७५०००० | श्री बसन्तपुर सामुदायिक वन उपभोक्ता समूह |
| ३ | घाटगड्डी देखी पुर्व शान्तिदिप बोर्डिङ्ग हुँदै नमुना बस्ती जाने अन्दाजी ३०० मि. सडक पि.सि.सि. ढलान तथा सडक स्तरोन्नती | २ | ९००००० | ६००००० | १५००००० | श्री देउराली सामुदायिक वन उपभोक्ता समूह |
| ४ | अधुरो सामुदायिक भवनको वाउण्डरी, रनगाई | ३ | ३९०००० | २६०००० | ६५०००० | श्री राम लक्ष्मण सामुदायिक वन उपभोक्ता समूह |
| ५ | पन्नहियाको पश्चिमको कुलो निर्माण | ३ | ३००००० | २००००० | ५००००० | श्री राम लक्ष्मण सामुदायिक वन उपभोक्ता समूह |
| ६ | पर्खाल निर्माण ने.रा.मा.वि. चौरी | ५ | ३००००० | २००००० | ५००००० | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय |
| ७ | सिचाँई र वोरिङ्ग जडान | ५ | ३००००० | २००००० | ५००००० | श्री वनदेवी सामुदायिक वन उपभोक्ता समूह |
| ८ | जाली तार जंगल सिमाना क्षेत्र | ५ | ४८०००० | ३२०००० | ८००००० | श्री गौतम बुद्ध सामुदायिक वन उपभोक्ता समूह |
| ९ | आदर्श पार्क र जलासय क्षेत्र सौन्दर्यीकरण तथा संरक्षण | ९ | ४८०००० | ३२०००० | ८००००० | श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह |
| १० | दिवाल निर्माण तथा फिनिसिङ्ग अधुरो भवन निर्माण | ९ | ७२०००० | ४८०००० | १२००००० | श्री माध्यमिक विद्यालय, इमिलिया |
| ११ | श्री नव जागरण आधारभूत विद्यालयको वाउण्डरीवाल निर्माण | ९ | ३६०००० | २४०००० | ६००००० | श्री नव जागरण आधारभूत विद्यालय |
| १२ | चेतरादेईको वन क्षेत्र जाली तारबार | १० | ६००००० | ४००००० | १०००००० | श्री शान्ति समुदायिक वन उपभोक्ता समूह |
| | जम्मा | | ५४३०००० | ३६२०००० | ९०५०००० | |

पुनश्चः ६०।४० शिर्षकको ६०,००,०००।– (साठी लाख) मध्येबाट रू. ५,००,०००।– (पाँच लाख) ५०/५० कार्यक्रममा समावेश गरिएको।

जि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

उद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
[illegible]
[illegible] प्रदेश, नेपाल

५. **सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णयः** आ.व. २०८१।०८२ को पन्ध्रौं नगरसभाबाट पारित बार्षिक विकास योजना पुस्तिकाको पेज नं. ७६ को चालु तथा प्रशासनिक विविध खर्च तर्फको सि.नं. ६ मा सुरक्षित वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) र नगरपालिका शिर्षकमा विनियोजित रू. १०,००,०००। रकम मध्येबाट बुद्धभूमि नगरपालिका भित्रका व्यक्ति वैदेशिक रोजगारी तथा उच्च शिक्षाको लागि वैदेशिक रोजगारीमा रहदा कामदार र कामदारका परिवारको उचित संरक्षण तथा गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रूपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप, परामर्श लगायतको सहयोग प्रदान र बैदेशिक रोजगारीमा सम्बद्ध निकायहरूको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगार थप उपलब्धि मुलक बनाउने कामदारलाई सीप विकास तालिम, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता लगायतको ज्ञान सीप विकास गर्न तपसिल अनुसारको कार्यक्रमको लागि बजेट/कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**तपसिलः**

**(२०८१ कार्तिक २५ गते देखि २०८२ असार ३१ गते सम्म)**

| S.N. | Activities | Quantity | Unit | Unit Rate | Total Cost |
|---|---|---|---|---|---|
| | वित्तीय साक्षरता कक्षा सञ्चालन वडा नं. ७ र ९ | | | | |
| १ | वित्तीय साक्षरता कक्षा सञ्चालन (प्रत्येक वडामा २१ हप्ता कक्षा सञ्चालन गर्नुपर्ने) | 2 | Event | 100,000 | 200,000 |
| | कार्यालय संचालन | | | | |
| १ | कर्मचारी परिचालन यातायात, संचार, अनुगमन (कार्यक्रम सञ्चालन भएका वडामा वित्तीय साक्षरता कक्षाको २ पटक अनुगमन) | | Event | | 62,500 |
| २ | वित्तीय साक्षरता र मनोसामजिक पुस्तक छपाई | 50 | unit | 350 | 17,500 |
| | Activities budget | Target | Unit | Unit Rate | Amount |
| १ | स्थानीय तह सरकार परियोजना व्यवस्थापन समितिको बैठक | 1 | Time | 20,000 | 20,000 |
| २ | २१ हप्ते वित्तीय साक्षरता कक्षा सम्पन्न वडामा (गर्मेन्टसीप, व्यूटिसियन, एड्भान्स कुक तालिम सञ्चालन) | 2 | Event | | 200,000 |
| ३ | बैदेशिक रोजगारीमा जाने तयारीमा रहेका कामदार तथा १०+२ र स्नातक तहमा अध्ययरत विद्यार्थीहरूलाई १ दिने गहन अभिमुखीकरण कार्यक्रम | 5 | Event | 100,000 | 500,000 |
| | Total of activities budget | | | | 720,000 |
| | Grand Total Budget | | | | 1,000,000 |

६. **विविध।**

क) सुत्केरी सेवामा अटोरिक्सा प्रयोग सम्बन्धमा।

**निर्णयः** बुद्धभूमि नगरपालिका भित्रका गर्भावती महिलालाई वर्थिङ्ग सेन्टर सम्म प्रसुति सेवा लिनको लागि अटो रिक्सा प्रयोग गरेको यातायात बापत रू. ५००।– चालु तथा प्रशासनिक सि.नं. ५४ खर्च शिर्षक २७२१९ अन्य सामाजिक सुरक्षा शिर्षकबाट रू. ५००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**ख) कार्तिक ३० गते हुने नाहान (पूर्णिमा) मेला सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको वडा नं. ७ महादेवाघाट, ८ चरिगवाघाट र १० रामघाटमा सञ्चालन हुने कार्तिक नाहान (पूर्णिमा) मेला व्यवस्थापनको लागि चालु प्रशासनिक सि.नं. ५३ खर्च शिर्षक २५३१५ अन्य संस्था सहायता मध्येबाट महादेवाघाट रू. १५,०००।-, चरिगवाघाट रू. १५,०००।-, रामघाट मेला रू. २०,०००।– आर्थिक सहयोग दिने निर्णय गरियो।

**ग) बकुलीपुर युवा क्लबको पत्र सम्बन्धमा।**

**निर्णयः** बकुलीपुर युवा क्लब बुद्धभूमि न.पा. ९, बकुलीपुरको च.नं. १६ मिति २०८१।०६।१९ गतेको पत्रानुसार बकुलीपुर युवा क्लबले प्रथम बकुलीपुर कप २०८१, खुल्ला नकआउट फुटबल प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहयोग माग गरेकोले पन्ध्रौं नगरसभाको सि.नं. ५४ मा उल्लेखित २७२११ शीर्षकमा विनियोजित रू. १५,००,०००।- मध्येबाट रू. २०,०००।– (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो।

**घ) ६ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका ६ नं. वडा कार्यालयको च.नं. ११६ मिति २०८१।५।१३ को पत्रानुसार बुद्धभूमि नगरपालिका वडा नं. ६ बस्ने पञ्चम केवटको बुहारी बीर बहादुर केवटको पत्नी सुमित्रा केवटिनको स्वास्थ्य अवस्था खराब भई अप्रेसन र औषधी उपचारको गर्नु परेको र निजको आर्थिक अवस्था कमजोर भएकोले अर्थिक सहयोगको लागि सिफारिस साथ अनुरोध भई आएको हुँदा आर्थिक सहयोग शिर्षकबाट रू. २०,०००।– (बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**ङ) १० नं. वडा कार्यालयको पत्र सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ४४९ मिति २०८१।६।३० को पत्रानुसार बुद्धभूमि नगरपालिका १०, धनकौलीमा बस्ने सुकई नाउँको नाति मिठुराम नाउको छोरा रमेश नाउको मिति २०८१।०३।१२ गते मा चट्याङ्ग लागेर मृत्यु भएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकोले आर्थिक सहयोगको लागि सिफारिस साथ अनुरोध भइ आएको आर्थिक सहयोग शिर्षकबाट रू. २५,०००।(पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**च) नगर शिक्षा समितिको निर्णय सम्बन्धमा।**

**निर्णयः** मिति २०८१।०७।१३ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

**छ) योजना सम्झौता गर्ने सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगरसभाबाट पारित बार्षिक विकास योजना आ.व. २०८१।०८२ को निर्णय नं. २६ मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको लागि

नि. प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

उपभोक्ता समितिसंग योजना सम्झौताको समयावधि मंसिर मसान्त सम्म रहेकोमा तोकिएकै समयमा योजना सम्झौता गर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**ज) शम्शेर दल गण गोरूसिगेंको पत्र सम्बन्धमा ।**

**निर्णय:** शम्शेर दल गण गोरूसिगें कपिलवस्तुबाट विभिन्न मितिमा बुद्धभूमि नगरपालिका वडा नं. १ पत्थरकोट इलाकको ३६९१ विगाहा जग्गा मध्ये करिब ९० विगाहा जग्गामा स्थानीय बासिन्दाहरूबाट अतिक्रमण गरेको भनी उक्त स्थानमा कुनै पनि प्रकारको खानजोत गरी खेतीबाली नलगाई दिनु हुन भनी अनुरोध भएकोमा उक्त क्षेत्रमा सदियौंदेखि बसोबास गर्दै आएका नेपाली जनताको उठिबास लाग्ने घरबार बिहिन हुने परिस्थिति सिर्जना भएको हुँदा सो क्षेत्रमा बसोबास गर्दै आएका जनताको भोग चलनमा रहेको जग्गा बाहेकको जग्गामा मात्र नेपाली सेनालाई तारबार एवं तालिम लगायतका अन्य कार्य गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**झ) राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयरकप प्रतियोगिता- २०८१ सम्बन्धमा ।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाले सञ्चालन गर्ने राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयरकप प्रतियोगिता- २०८१ का लागि मिति २०८१।०८।१४ गतेदेखि १७ सम्म वडा स्तरीय खेलकुद प्रतियोगिता सम्पन्न गर्ने र विद्यालय तथा वडाहरूले सहभागीहरूको नामावली २०८१।०८।१९ गते सम्ममा नगरपालिकामा पेश गर्ने । साथै नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयरकप प्रतियोगिता- २०८१, मिति २०८१।०८।२५ गते देखि २०८१।०८।२९ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो । र वडा कार्यालय र विद्यालयहरूलाई सोको जानकारी एवं कार्यान्वयन गर्न गराउनको लागि पत्राचार गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

२०८१।८।२२
केशव कुमार श्रेष्ठ
नगर प्रमुख